# वक्रोक्तिका प्रकार र नेपाली लोककविता

*डा. ध्रुवप्रसाद भट्टराई*[*]

**सार**

*वक्रोक्ति सिद्धान्त पूर्वीय साहित्यको एक प्रसिद्ध सिद्धान्त हो । काव्यमा वक्रोक्तिको आवश्यकता रहेको धारणा भरतमुनिदेखिका सबै मनीषीले राखेको देखिए पनि वक्रोक्तिलाई काव्यविश्लेषणको सैद्धान्तिक आधार दिने चिन्तक दसौँ शताब्दीको उत्तरार्धका कुन्तक हुन् । कुन्तकका अनुसार वक्रोक्ति भनेको विशिष्ट प्रकारको कथन हो र विशिष्ट कथन भनेको कविको विदग्धतापूर्ण अर्थात् चतुरतापूर्वकको कथन हो । यस प्रकारको विशेष कथनबाट सहृदयीहरूको हृदय आह्लादित हुने भएकाले वक्रोक्तिलाई काव्यको आत्मा मानिन्छ । विशेष प्रकारको कथनका लागि वर्ण, पद, वाक्य, प्रकरण तथा समग्र प्रबन्धमा विदग्धतापूर्ण कथनको आवश्यकता पर्दछ । यीमध्ये कुनैमा त्रुटि वा दोष देखिएमा त्यसले समग्र काव्यको आह्लादकत्वमा क्षति पुऱ्याउँछ । त्यसैले काव्य सर्वाङ्ग विदग्धतापूर्ण कथनमा आबद्ध हुनुपर्दछ । साहित्यमा यसलाई पूर्णपालना गर्ने प्रयास गरिएको पनि हुन्छ । तर लोकसाहित्यसर्वसाधारण जनताको स्वतःस्फूर्त रूपमा प्रस्तुत हुने मौखिक अभिव्यक्ति भएकाले सिद्धान्तको अनुसरणलाई खासै महत्त्व दिइँदैन । त्यसैले लोकसाहित्यको एक भेद मानिने लोककवितामा पनिसिद्धान्तअनुरूपको कथन आवश्यक मानिदैन । तापनि यिनमा लोककविको सहज प्रतिभाको उच्छलन पनि यत्रतत्र छचल्किएकै पाइएको छ । समाजमा प्रचलित लोककविताको विदग्धतापूर्ण कथनका सन्दर्भबाट अध्ययन गर्दै जाँदा कतिपय लोककवितामा वक्रोक्ति सिद्धान्तले मानेका वर्ण, पद, वाक्य आदि भेद र यिनका भेदोपभेदको उपस्थिति रहेको देखिन्छ । लोककवितामा भाव अनुकूलको वर्णको प्रयोग, धातु वा प्रातिपदिकको अर्थपूर्ण प्रयोग, सामान्य भन्दा अलौकिक वा चमत्कारजनक वाक्यको प्रयोग लगायत वक्रोक्ति सिद्धान्तले मानेका विदग्धतापूर्ण अर्थात् चतुरतापूर्वकको कथन भएको देखिन्छ । यस आधारमा लोककविताका प्रयोक्ता सर्वसाधारण भए पनि उनीहरूको सहज प्रतिभाले लोककवितालाई विशिष्टता प्रदान गरेका छन् र यिनले सहृदयीहरूको हृदयलाई आनन्दातिरेक तुल्याएका छन् भन्ने निष्कर्ष यस लेखमा निकालिएको छ ।*

**मुख्यशब्दः** उक्ति विचित्रता, पदउत्तरार्ध वक्रता, पदपूर्वार्ध वक्रता, प्रकरण वक्रता, वर्णविन्यास वक्रता, वाक्य वक्रता, वैदग्ध्यपूर्ण उक्ति ।

* भट्टराई त्रिचन्द्र बहुमुखी क्याम्पसमा नेपाली विषयका सह–प्राध्यापक हुनुहुन्छ ।

## विषय परिचय

मानवले आफ्ना अनुभूति र ज्ञानलाई लयात्मक रूपमा गुनगुनाउन थालेदेखि नै लोककविताको विकास भएको मानिन्छ । हालसम्म पनि यसको प्रयोग विवाह र अन्य सन्दर्भमा हुने गरेको छ । विवाहका समयमा भद्‌खौरो बेहुलीका घरमा पुगेदेखि जन्ती अन्भाउँदासम्म चल्ने गर्छ भने खाँडो जगाउँदा पनि यसको प्रयोग हुने गरेको छ । यस्तै प्रेमी र प्रेमिकाका आफ्ना प्रेमप्रणयका भाव व्यक्त गर्दा, कसैलाई अर्तीउपदेश दिँदा, सामाजिक, सांस्कृतिक, धार्मिक तथा आध्यात्मिक आदि विविध पक्षको जानकारी दिँदा, विभिन्न अड्कामूलक प्रश्न सोधी आफूलाई जान्नेबुझ्ने देखाउन चाहँदा, विभिन्न ऐतिहासिक घटनालाई वर्णन गर्दा, बालबालिका खेल्दा वा खेलाउँदा आदि विभिन्न सन्दर्भमा पनि लोककविताको प्रयोग हुने गरेको छ । यसको प्रयोग नेपालको प्रायः सबै क्षेत्रमा छ तापनि पश्चिमी क्षेत्रका तुलनामा मध्य र पूर्वी क्षेत्रमा बढी मात्रामा पाइएको छ । विवाहका अवसरमा ब्राह्मण, छेत्री, कामी, दमाई, सार्की, गन्धर्व, सुनार लगायतका जातजातिमा यसको प्रयोग हुने गरेको छ । यसलाई लोकसमाजका बालबालिका, महिला वा पुरूष सबै वर्गले प्रयोग गर्ने गरेको देखिन्छ । यसमा मुक्त र बद्ध दुबै लयमा आउने नेपाली मौलिक लोकछन्दको प्रयोग छ । खाँडो, कवित्, बालकविता आदिमा मुक्तलयका लोकछन्दको प्रयोग छ भने बिहेप्रश्नोत्तरी, सवाई र दोहा आदिमा बद्धलयका लोकछन्दको प्रयोग छ । यसै गरी यसमा संस्कृत छन्दबाट प्रभावित लोकछन्दको पनि प्रयोग छ । यसका पनि बिहेप्रश्नोत्तरी, कवित्, खाँडो, सिलोक, कूटपद्य, सवाई, दोहा र बालकविता आदि भेदहरू देखिएका छन् । यसले गर्दा लोककविता नेपाली लोकसमाजमा निकै व्यापक परिवेशमा रहेको देखिन्छ । यद्यपि आजकल समाजमा यसको प्रयोग निकै कम छ । यी लोककविता स्वतःफूर्त अभिव्यक्ति भएकाले यिनमा वक्रोक्तिमय कथन अर्थात् विदग्धतापूर्ण अभिव्यक्ति छ त ? भन्ने प्राज्ञिक समस्याको समाधानका लागि यहाँ वक्रोक्ति सिद्धान्तले मानेका प्रकारका आधारमा लोककवितामा वक्रोक्तिको उपस्थितिलाई विश्लेषण गरिएको छ ।

## अध्ययन विधि

यस अध्ययनमा प्राथमिक र द्वितीयक दुबै सामग्रीको उपयोग गरिएको छ । प्राथमिक सामग्रीमा प्रायः नेपालको पूर्वदेखि पश्चिमसम्मबाट सङ्कलन गरिएका लोककविताकोउपयोग गरिएको छ भने द्वितीयक सामग्रीमा अन्य विभिन्न पुस्तकमा सङ्कलन गरिएका लोककविताको उपयोग गरिएको छ । वक्रोक्तिको मूल मान्यता र यसका प्रकारका भेदोपभेदका लागि काव्यमनीषी आचार्य कुन्तकले मानेको दृष्टिकोणलाई आधार बनाइएको छ । लोककविता फुटकर रचना भएकाले यहाँ कुन्तकले मानेको प्रकरण र प्रबन्ध वक्रताको भने उपयोग गरिएको छैन । वक्रोक्तिको उपस्थितिलाई सङ्कलित लोककविताबाट पुष्टि गर्ने प्रक्रिया अपनाइएकाले यो अध्ययन निगमनात्मक विधिमा आधारित छ । लोककवितामा कुन कुन प्रकारको उपस्थिति रहेको र तिनको अवस्थालाई हेरेर लोककविताको विदग्धतापूर्ण कथनको स्तरलाई मापन गरिएकाले यो अध्ययन परिमाणात्मक र गुणात्मक गरी दुबै किसिमको छ । यसका लागि सामग्रीको छनौट सिद्धान्तको अनुकूलताका आधारमा गरिएको छ ।

## वक्रोक्ति सिद्धान्त र यसका प्रकारहरू

कुन्तकले वक्रोक्तिलाई काव्यको जीवन अर्थात् आत्मा हो भनी विशेष प्रकारको वक्रोक्तिवादको स्थापना गरेका हुन् । उनले पूर्ववर्ती काव्य सिद्धान्तका प्रायः सबै मान्यताको लेखाजोखा गरी ती सबै सिद्धान्तलाई उपकारक र वक्रोक्तिलाई आत्मा मानेका छन् । उनका अनुसार शब्द र अर्थ अर्थात् वाचक र वाच्य भलिभाँती मिलेको रचना काव्य हो । यी शब्द र अर्थ पनि सामान्य होइनन्, कविको चतुरताबाट निःसृत कमनीयतातिशय हुन्छन् । जसको बोधबाट काव्यका पारखीलाई आनन्दानुभूति हुन्छ त्यस्तो रचना नै काव्य हो (कुन्तक, २०२४, पृ. १७) । कुन्तकका अनुसार शब्द र अर्थको अभेद सम्बन्ध हुनाले जुनसुकै शब्दार्थ काव्य होइनन् । काव्यका लागि त सहृदयीहरूको हृदयलाई आह्लादित गर्न सक्ने उत्कर्ष र अपकर्षरहित प्रतिस्पर्धामक सौन्दर्यको प्रस्फुटन गराउन सक्ने शब्द र अर्थको आवश्यकता पर्दछ (कुन्तक, २०२४. पृ. ५७) । उनले काव्यमा आउने शब्द र अर्थलाई अलङ्कार्य मान्दै यसको अलङ्कार वक्रोक्तिलाई मानेका छन् । उनका अनुसार वक्रोक्ति भनेको प्रसिद्ध कथनभन्दा भिन्न विचित्र प्रकारको कथन हो ।

संस्कृतमा वक्रोक्तिको चर्चा भामहदेखि नै भएको पाइन्छ । भामहले काव्यलाई विशिष्ट कथन मानेका छन् । उनका अनुसार विशिष्ट कथन भनेको अतिशयोक्ति हो । त्यो अतिशयोक्ति भनेकै शब्द र अर्थमा निहित वक्रता हो । यही वक्रताबाट भावको विभावन हुन्छ (उपाध्याय, २०४८, पृ. २३८) । भामहपछिका विशिष्ट विद्वान् दण्डीले समस्त वाङ्मयलाई स्वभावोक्ति र वक्रोक्ति गरी दुई भागमा विभाजन गरेका छन् । त्यसक्रममा उनले वक्रोक्तिलाई साधारण कथनको विपर्यासमा प्रायः श्लेषले सौन्दर्यको पुष्टि गर्ने विशिष्ट कथन हो भन्ने मानेका छन् । यसपछिका वामनले वक्रोक्तिलाई अर्थालङ्कार नै माने पनि रूद्रट, मम्मट र विश्वनाथले यसलाई श्लेष र काकु जस्ता शब्दालङ्कारका रूपमा सीमित तुल्याएका छन् । ध्वनिवादी आचार्य आनन्दबर्धन र अभिनव गुप्तले सबै अलङ्कारको मूल अतिशयोक्ति भएको र अतिशयोक्ति नै वक्रोक्ति हो भन्ने भामहको धारणालाई स्वीकार गरेका छन् । यिनीहरूले अलङ्कारमा विशेष किसिमको भनाइ रहने हुनाले वक्रोक्तिलाई अलङ्कारको जनक मानेका छन् । यस्तै भोजराजले समग्र वाङ्मयलाई वक्रोक्ति, रसोक्ति र स्वभावोक्ति गरी तीन प्रकारले विभाजन गरी उपमादि अलङ्कारमा वक्रोक्तिलाई प्रधान मानेका छन् ।

यसरी भामहदेखि नै वक्रोक्तिका बारेमा चर्चापरिचर्चा भए पनि वक्रोक्तिलाई केहीले काव्यको विशिष्ट अर्थ अर्थात् अलङ्कारको प्रमुख कारकतत्त्व र केहीले सङ्कुचित अर्थ अर्थात् अलङ्कारमध्ये पनि शब्दालङ्कारको एक भेद मानेको देखिन्छ । तर यी सबै मान्यताभन्दा माथि उठेर कुन्तकले वक्रोक्तिलाई काव्यको जीवन मान्दै एक विशिष्ट सिद्धान्तका रूपमा स्थापित गराएका छन् । कुन्तकको यो वक्रता एक पृथक उक्तिमा मात्र सीमित नरही वर्णविन्यासदेखि लिएर प्रबन्धरचनासम्म फैलिएको छ । उनले यसका वर्णविन्यास वक्रता, पदपूर्वार्द्ध वक्रता, पदपरार्ध वक्रता, वाक्य वक्रता, प्रकरण वक्रता र प्रबन्ध वक्रता गरी मुख्य ६ भेद गरी यिनका भेदोपभेदको पनि उदाहरणसहित परिचय

दिएका छन् । यस लेखमा यिनै वक्रोक्तिका प्रकारमध्ये लोककविता फुटकर रचना भएकाले वर्ण, पदपूवार्ध, पदपरार्ध र वाक्य वक्रताका भेदोपभेदको चर्चा गर्दै तिनैकाा आधारमा लोककवितामा रहेको वक्रतालाईकेलाइएको छ ।

## वर्णविन्यास वक्रता

वर्ण भाषाको सबैभन्दा सानो अर्थभेदक एकाइ हो ।त्यसैले साहित्यको निर्माणमा वर्णको महत्त्वपूर्ण स्थान रहन्छ । वर्णको वर्णविन्यास भनेको वर्णहरु अर्थात् अक्षरहरूलाई विशेष क्रममा राख्नु हो र वर्णविन्यास वक्रता भनेको लोक एवम् शास्त्र आदिमा प्रसिद्ध वर्णको रखाइभन्दा नितान्त भिन्न विचित्र प्रकारको काव्यका पारखीहरूलाई विशेष किसिमले आनन्दित तुल्याउन सक्ने वर्णको संयोजन हो । वर्णविन्यास वक्रतालाई कुन्तकले दुई किसिमले स्पष्ट पारेका छन् । पहिलो प्रकारमा वर्णको आवृत्तिलाई हेरेका छन् । यसलाई उनले एक, दुई वा धेरै व्यञ्जन वर्णहरूको थोरै अन्तरमा दुई वा दुईभन्दा बढी पटकको आवृत्तिबाट बन्ने वर्णविन्यास वक्रता मानेका छन् । यो एक, दुई वा दुईभन्दा धेरै वर्णहरु दुई वा दुईभन्दा बढी पटक आवृत्ति हुने गरी तीन प्रकारको हुन्छ (कुन्तक, २०२४. पृ. १७१) । यसलाई पूर्वाचार्यहरूले अनुप्राससँग तुलनीय मानेका छन् । यस्तै अर्को प्रकारमा 'क'देखि 'म'सम्मका स्पर्शी वर्णमा वर्गका पञ्चमाक्षर वर्णसंग संयोग भएर, त्, ल्, न् को द्विरूक्त वा बार बारको आवृत्ति भएर वा अन्य व्यञ्जन वर्ण रकारादिको संयुक्त भएर स्वल्प अन्तरमा हुने वर्णविन्यासलाई हेरेका छन् (कुन्तक, २०२४. पृ. १७४) । यसमा आउने स्वल्प अन्तरले व्यञ्जन वर्णको अन्तर अर्थात् व्यवधानलाई सङ्केत गरेको छ यद्यपि व्यञ्जन वर्णको व्यवधान नरहेको तर असमान स्वर वर्णको व्यवधान रहेको अवस्थामा पनि वर्ण वक्रता चित्ताकर्षक हुन सक्छ । वर्णविन्यासमा वक्रता ल्याउने नाममा बलपूर्वक ल्याइएका र कठोर वर्णको प्रयोगका विपरीत एकपटक प्रयोग भएका वर्णको आवृत्तिको त्याग र नयाँ नयाँ चित्ताकर्षक वर्णको आवृत्तिद्वारा काव्य सुशोभित हुनुपर्दछ (कुन्तक, २०२४.पृ. १८५) । यस्तै वर्णको प्रयोग गर्दा वर्ण्यमान विषयको औचित्यलाई पुष्टि गर्ने र रसानुकूलतामा आघात नपार्ने कुरामा ध्यान दिनुपर्छ किनभने यसले काव्यका पाठकलाई विचित्रको आनन्दानुभूति दिनुपर्ने हुन्छ भन्ने मान्यता कुन्तकको रहेको छ ।

## लोककवितामा वर्णविन्यास वक्रता :

वर्णविन्यास वक्रताका दृष्टिले लोककविता अत्यन्त मनमोहक देखिन्छन् । लोककवितामा वर्णहरु सहज रूपमा विन्यस्त भएका देखिन्छन् तापनि ती वर्णमा प्रशस्त मात्रामा वक्रता देखिन्छ । यहाँ सर्वप्रथम एक, दुई वा दुईभन्दा बढी वर्णको पुनरावृत्तिले लोककवितामा ल्याएको सुन्दरतालाई प्रस्तुत गरिएको छ :

> हल गोरू गजुवा माइती छन् मझुवा मावली रावाखोला
> भन न भन सिलोके सँगी हो जितबाजी तम्रै होला

यस उदाहरणको पहिलो हरफमा 'गोरू' र 'गजुवा' शब्दमा 'ग्' वर्णको दुईपटक, 'मावली' 'रावाखोला'मा 'ल्' वर्णको दुईपटक, 'गजुवा', 'मभुवा', 'मावली' र 'रावाखोला' मा 'व्' वर्णको चारपटक, 'माइती', ' मभुवा' र 'मावली' शब्दमा 'म' वर्णको तीनपटक स्वल्प व्यवधानसहित आवृत्ति भएको छ । यसरी यहाँ एकै वर्णको अनेकौँपटकको व्यवधानसहितको आवृत्तिको सुन्दर नमुना प्रस्तुत गरिएको छ । यसबाट भनाइलाई अत्यन्त श्रुतिरम्यता र विदग्धता प्रदान गरिएको छ । यस्तै दोस्रो हरफको 'भन न भन' मा 'भ्' 'न्' यी दुई वर्णको एकसाथ व्यवधानसहित र न् वर्णको व्यवधानरहित पनि दुईपटक आवृत्ति भएको छ । यस्तै स्, त्, ल्, वर्णको पनि व्यवधानसहित आवृत्ति छ । यसरी एउटै सिलोकमा विभिन्न वर्णको विभिन्न प्रकारले आवृत्ति गरी लोककविताको सौन्दर्यवृद्धिमा चामत्कारिक रूप प्रस्तुत गरिएको छ । यसबाट लोककवितामा वर्णविन्यासको वाक्पटुता कस्तो छ हेर्न सकिन्छ । यस्तै अर्को सुन्दर नमुना :

सिमसिम पानी पऱ्यो सिमाली घारीमा लिसो पस्यो केशमा
अर्काका पतिका चाकर कति गरुँ आफ्ना पति देशमा
धान छैनन् घरमा मकैगेडीसमेत बारीमा बिउ के छरुँ
न गोरू हलमा न स्वामी घरमा म एक्लीले के गरुँ ।

यसमा पहिलो हरफको पहिलो शब्दमा नै स् म् यी दुई वर्णको व्यवधानरहित दुईपटकको आवृत्ति छ भने प् स् म् ल् वर्णको पनि आवृत्ति छ । दोस्रो हरफमा पनि क्को व्यवधानरहित र प्, त्, क् र् वर्णको आवृत्तिद्वारा सिलोकलाई अत्यन्त रम्यता प्रदान गरिएको छ भने अन्य हरफमा पनि यो प्रक्रिया यथावत् छ । यसमा करूण रसानुकूलका माधुर्य गुणयुक्त वर्णको प्रयोग अत्यन्त औचित्यपूर्ण छ । वर्णविन्यास प्रयोगको अर्को सुन्दर नमुना हेरौँ :

हुक्का हो हरिको, सुमेरू शिवको, नली नारायणको
पातो पार्वतीको चिलिम चतुरको चिम्टा थियो चाकरी
हुक्का चम्पाकली नली खबतरी चिलिममा साङ्ला धरी
जाऊ नानी तिमी गै तमाखु भरिलेऊ म खान्छु कोल्टे परी

यसमा पहिलो र दोस्रो हरफका शब्दमा वर्णविन्यासको चमत्कार अत्यन्त तीव्र छ । यसमा सुरूमा ह् वर्ण, त्यसपछि स्, न्, प्, च् वर्णको शब्दको आदिमा अलग अलग किसिमका वर्णको आवृत्ति छ । यसमा अन्तिममा च् वर्णमात्र दोहोरिएको छ । यस उदाहरणमा पनि लोककविले अनुप्रासको सौन्दर्यछटा प्रस्तुत गरेका छन् ।

हे.जी. सुन् भाइ कविते
ए ! मनथाङरे ! मेरो घोडा पाङरे

मै कुदाउँछु बरक् बरक्
मेरा कानमा कुण्डल लरक् लरक्
तेरा कानका जरी चरक् चरक्
हे.जी. सुन् सुन् सुन् सुन् भाइ कविते
सुन्छस् भने सुन्
सुन्दैनस् भने सुन्दरे कामीको धोती तुन् ।

यस लोककवितामा वर्णविन्यासको चमत्कृति देखिन्छ । बरक् बरक्, लरक् लरक्, चरक् चरक् जस्ता शब्दमा दुईभन्दा बढी वर्णको आवृत्ति छ भने छैठौँ, सातौँ र आठौँ हरफमा सुन् शब्द र वर्णको आठपटकको आवृत्ति छ । यसबाट अनुप्रासीय श्रुतिरम्यताका साथै वर्णविन्यासमा विचित्रता आएको छ । यसले हास्य रस र ओज गुणको अभिवृद्धिमा सहयोग पुऱ्याएको छ ।

यस्तै 'क' देखि 'म' सम्मका स्पर्शी वर्णमा वर्गका पञ्चमाक्षर वर्णसंग संयोग भएर, त्, ल्, न् को द्विरूक्त वा बार बारको आवृत्ति भएर वा अन्य व्यञ्जन वर्ण रकारादिको संयुक्त भएर स्वल्प अन्तरमा हुने वर्णविन्यासका माध्यमबाट आउने चमत्कारको प्रयोग पनि लोककवितामा पाइन्छ । यसको सानो नमुना तल प्रस्तुत गरिएको छ :

अँधेरी खोला अन्नबन्न
पहाडकोट बज्रखण्ड
नेपालदेश रङ्गचङ्ग
देऊ बगिचा देबडालिङ्ग
माटीकुटी उटा पोली
दाउरापात लिन्थे मडि है ।
मै दाना परदाना
कुटबिस लस्कर पर्छु दर भर्छस् काना
शारदालाई त डिग लागे
जित हुर्र हुऱ्याऊँ
कान्लामुनि पुऱ्याऊँ
मुलाका फँद तुर्क्याऊँ
तोरीका गट्टेले डोऱ्याऊँ

यस उदाहरणमा अन्नबन्न जस्ता उदाहरणमा न् वर्णको द्विरूक्ति तथा बज्रखण्ड, रङ्गचङ्ग, देबडालिङ्ग, आदिमा पञ्चम वर्णको प्रयोग तथा पर्छु, भर्छस्, हुर्र, हुऱ्याऊ, पुऱ्याऊँ, तुर्क्याऊँ, डोऱ्याऊँ आदि प्रयोगमा रकारादिको अन्य व्यञ्जन वर्णसँगको संयोगबाट उत्पन्न हुने रमणीयतालाई

प्रस्तुत गरिएको छ । यसरी लोककवितामा वर्णविन्यास वक्रताबाट काव्यका सहृदयीहरूको हृदयलाई आनन्दातिरेक प्रदान गरिएको देखिन्छ ।

## पदपूर्वार्ध वक्रता

वक्रताको दोस्रो प्रकारमा कुन्तकले पदपूर्वार्धलाई राखेका छन् । पद भन्नाले सुप् र तिङ् प्रत्यय लागेर बनेका शब्द हुन् । शब्दको धातुभिन्न मूल रूपलाई प्रातिपदिक भनिन्छ र प्रातिपदिकभन्दा भिन्न शब्दका मूल रूपलाई धातु भनिन्छ । यिनलाई प्रकृति पनि भनिन्छ । शब्दको यिनै प्राकृतिक रूपलाई पदको पूर्वार्ध भनिन्छ । प्रातिपदिकमा सुप् र धातुमा तिङ् प्रत्यय लागेर सुबन्त र तिङन्त शब्दको निर्माण हुने गर्छ । यिनै प्रातिपदिक र धातुको विशिष्ट चयनले काव्यमा आउने अर्थ चमत्कृतिलाई नै पदपूर्वार्ध वक्रता भनिन्छ । यसलाई प्रकृतिवक्रता पनि भन्न सकिन्छ । पदपूर्वार्ध वक्रताका मुख्य रूपमा प्रातिपदिक र धातु वा क्रिया वक्रता गरी दुई भागमा विभाजन गर्न सकिन्छ । यी दुईका पनि कैयौँ भेद पाइन्छन् । सर्वप्रथम यहाँ प्रातिपदिक वक्रताका भेदहरूलाई उदाहरणसहित स्पष्ट पारिएको छ :

## प्रातिपदिक वक्रता

शब्दको धातुभिन्न आधार पदलाई प्रातिपदिक भनिन्छ । यसको चयनले पनि भनाइमा वक्रता आएको हुन्छ । प्रातिपदिक वक्रतालाई कुन्तकले रूढिवैचित्र्य वक्रता,पर्याय वक्रता, उपचार वक्रता, विशेषण वक्रता, संवृत्ति वक्रताका सन्दर्भबाट हेरेका छन् । त्यसै आधारमा यहाँ प्रातिपदिक वक्रताको अभ्ययन गरिएको छ ।

## रूढिवैचित्र्य वक्रता

वाच्यार्थको सर्वातिशायी उत्कृष्ट वा निकृष्ट अर्थ बताउन रूढिले सम्भव नभएको अवस्थामा रूढ/पदार्थको विद्यमान अर्थभन्दा विशिष्ट अर्थको अध्यारोपद्वारा आउने चमत्कारयुक्त अर्थप्रतीतिलाई रूढिवैचित्र्य वक्रता भनिन्छ । लोककवितामा पनि रूढिवैचित्र्य वक्रताको प्रयोग देखिन्छ :

आउन त आयौ के खबर ल्यायौ ?
बोल्दै नबोली रोटी कसार भ्यायौ
कति छन् नि जन्ती नि अगाडि को छ ?
कति छन् अग्ला कति छन् त होचा ?

यहाँ जन्तीको सङ्ख्या र उनीहरूको खानपिनको व्यवस्थाका बारेमा जानकारी दिन आएको भद्खौराले त्यसको व्यवस्थापनका लागि घरबेटीलाई जानकारी दिई सहयोग गर्नुपर्ने ठाउँमा भकाभक रोटी र कसार खाएको सन्दर्भ छ । विवाहमा रोटी र कसार खाने चलन रूढिगत मान्यता हो । यहाँ परम्परा

अनुसार नै भद्खौराले रोटी कसार खाएका छन् भन्ने अर्थ लाग्छ तर यस अर्थमा कुनै अर्थ चमत्कृति छैन । तर भद्खौरालाई रोटी कसार खान दिँदा उनीहरूलाई तोरी, अमला वा यस्तै चिप्लिने कुरा बिच्छ्याएर लडाउने, खुर्सानी तथा ढुङ्गा राखेका रोटी कसार खान दिने चलन भएको हुँदा यस्तै उट्पट्याङ गर्ने घरबेटीले थाहा पाउनुअघि नै भद्खौराहरूले कपाकप कसार भ्याएको बताइएको छ । यो देखेर उट्पट्याङ गर्ने घरबेटी जिल्लिएको र जिल्लिएका घरबेटीले यो सिलोक भनेको अर्थ आउना साथ यसको अर्थमा चमत्कृति थपिएको छ । त्यसैले यहाँ रोटीकसार भ्याउनु भन्ने शब्दमा रूढिवैचित्र्य वक्रता छ ।

## पर्याय वक्रता

कुनै एक शब्दले बताउने अर्थलाई अरू शब्दले पनि बताउँछन् भने त्यस्ता शब्दलाई पर्यायवाची शब्द भनिन्छ । काव्यमा कुनै अर्थलाई बताउन काव्यकारसँग अनेकौँ शब्द हुन्छन् । तर ती शब्दले दिने अर्थमा केही न केही अन्तर हुन्छ । काव्यकारले ती शब्दमध्ये अत्यन्त अन्तरङ्ग, वर्ण्यविषयका लागि अत्यन्त आकर्षक, विशेष्य र विशेषणमा एकअर्कामा अर्थगत छायाँ पर्ने किसिमको, वर्ण्यविषयलाई उत्कर्षता प्रदान गर्न सक्ने आदि अनेकौँ गुणलाई हेरेर अतिशय अर्थचमत्कृति दिने पर्यायवाची शब्दको चयनले नै काव्यमा विचित्रता थप्ने गर्दछ । यस प्रकारको विशिष्ट प्रयोग लोककवितामा पनि देख्न सकिन्छ :

प्र. कहाँबाट आयौ तम जन्तीमन्ती, कहाँसम्मको दाउ
कसकी छोरी बिहे गर्न आयौ के हो दुलहाको नाम ?
उ. छातेढुङ्गाबाट आयौँ हम जन्तीमन्ती, यहीँसम्मको दाउ
हिमालयकी छोरी बिहे गर्न आयौँ शङ्कर हो दुलहाको नाउ ।

यहाँ पहिलो बिहे प्रश्नोत्तरीमा सोधिएको प्रश्नको उत्तरमा दुलहाका बाबुको नाम हिमालय भएको र दुलाहाको नाम शङ्कर भएको बताइएको छ । दुलाहाका बाबु र दुलाहाको नाम जुनसुकै राख्न सकिए पनि यी शब्दको चयनमा विशेष कारण देखिन्छ । यी नामको चयनमा एक त पौराणिक हिमालय पर्वतकी छोरी शङ्करलाई दिएको सन्दर्भबाट धार्मिक मूल्य मान्यताको विशेष अर्थ आएको छ । यस्तै हिमालयलाई जनाउने हिमवान्, निषध, विन्ध्य, माल्यवान्, परियात्रक, गन्धमादन, हेमकूट (सिँह, २०१७, पृ. ७४) शब्द हुँदाहुदै पनि हिमालय शब्द नै चयन भएको छ । यसले हाम्रो हिमवत् खण्डको भौगोलिक सामीप्यले सुखद अनुभूति दिने हुनाले यसको प्रयोग विशेष चित्ताकर्षक देखिन्छ । यस्तै शङ्करलाई बताउने शम्भु, ईश, पशुपति, शिव, शूली, महेश्वर, ईश्वर शर्व, ईशान, शङ्कर, चन्द्रशेखर, भूतेश लगायतका नाम (सिँह, २०१७, पृ. १३) हुँदाहुँदै पनि शङ्कर नाम नै चयन भएको छ । शङ्कर शब्दको विग्रह अनुसारको अर्थ (शं सुखं करोति इति शङ्करः शं+कृ+अच्) (आप्टे,

१९९३. पृ. ९९८) आउने हुनाले यी दुलाहासँगको विवाहले सुख वा आनन्द दिने किसिमको हुन्छ भन्ने विशेष अर्थको चमत्कृति दिनका लागि पनि यहाँ दुलाहाको नाम शङ्कर दिइएको देखिन्छ ।

## उपचार वक्रता

भिन्नाभिन्नै स्वभाव भएका पदार्थका धर्मको एकअर्कामा अत्यन्त थोरै समानताका आधारमा अलौकिक सौन्दर्य सृष्टिका लागि एउटाको धर्म अर्कोमा आरोपित गरिएमा उपचार वक्रता हुन्छ । यसमा अमूर्तको मूर्तबाट, ठोस वस्तुको तरलबाट, अचेतनको चेतन आदिबाट कथन गरिएको हुन्छ । उपचार वक्रताको अर्को प्रकारमा रूपक, समासोक्ति, अप्रस्तुतप्रशंसा आदि अलङ्कारमा यसको उपस्थिति देख्न सकिन्छ । उदाहरणका लागि निम्न लोकविता दिइएको छ :

तरूनीले समातेर कटिमाथि बसाउँदा
समाजका अगाडिमा को कराउँछ लौ भन ?

यहाँ तरूनीले कटिमाथि राखेर हिँड्दा को कराउँछ ? भन्ने प्रश्नमा आधा गाग्री पानी हल्लिएर आउने आवाजलाई समाजका अगाडि कराउने भाव अभिव्यक्त भएको छ । यहाँ तरल वस्तुबाट श्रव्य अर्थात् आवाजको धर्ममा आरोप गरिएको छ त्यसैले यहाँ उपचार वक्रता देखिन्छ । यस आरोपबाट अर्धविद्यावाल मानिसले समाजमा बढी हल्ला गर्छ भन्ने अर्थ चमत्कृति आएको छ । यस्तै प्रस्तुत गाग्री समातेको सन्दर्भबाट अप्रस्तुत पानी कराएको वर्णन गरिएकाले यहाँ अप्रस्तुत प्रशंसा अलङ्कार पनि पर्न गएको छ । यस्तै अर्को उदाहरण हेरौँ :

नारी सुन्दरी नेल हुन् बुझिलिनु गलफन्दी छोराहरू
नाति हुन् ठिँगुरा पनाति हथकडी झेलखाना हो धन सम्पति ।

यहाँ नारी, छोराछोरी, नाति, पनाति जस्ता चेतनशील वस्तुलाई नेल, गलफन्दी, ठिँगुरा र हथकडी जस्ता अचेतनशील वस्तुमा आरोप गरिएको छ । यसैले यहाँ रूपक अलङ्कार पनि पर्न गएको छ । यस आरोपबाट सांसारिक वस्तुप्रतिको विकर्षण र परमात्मा परमेश्वरप्रतिको आकर्षणबाट जीवले मुक्तिको मार्ग समात्छ भन्ने अर्थ चमत्कृति दिइएको छ ।

## विशेषण वक्रता

विशेषणको वैशिष्ट्यले क्रिया वा कारकको अर्थमा चमत्कृति आएको छ भने त्यस्तो वक्रतालाई विशेषण वक्रता भनिन्छ (कुन्तक, २०२४. पृ. २२४) ।

बोली कोइलीको नयन हरिणको मुख चन्द्रमा कान्तिको
वेशभूषा मथुराकी नारीहरूको पहिरन त नेपालीको ।

यहाँ बोली विशेष्यमा कोइलीको जस्तो भन्ने विशेषणले अर्थमा चमत्कृति दिएको छ । यस्तै नयन हरिणको जस्तो, मुख चन्द्रमाका कान्ति जस्तो, वेशभूषा/ रहनसहन मथुराका नारीहरूको जस्तो र पहिरन नेपालीको जस्ता विशेषणले सबैका सबै विशेष्यमा विशेष रूपले अर्थमा सुन्दरता दिएको छ । यस्तै असल कन्यामा हुनुपर्ने विशेषतालाई तलको लोककवितामा देख्न सकिन्छ :

राम्रा दाँत मुहार कान मसिनो बोली कटि बारूले
हात्तीझैँ हिंडने नपारी दमको लामा नयन नम्रले
बाबा आदि रिझाएकी कूच ठुला राता दुबै ओँठ छन्
काला केश र हातपाउ मसिना कन्या असल भन्दछन् ।

यस लोककवितामा कन्याका दाँत, बोली कटि आदि अङ्ग कस्ता राम्रा देखिन्छन् भन्ने कुरालाई सामाजिक मान्यताका आधारमा उपयुक्त विशेषणद्वारा लोककविताको अर्थमा विशेष रमणीयता प्रदान गरिएको छ । त्यसैले यहाँ विशेषण वक्रता पर्न गएको छ ।

## संवृत्ति वक्रता

सर्वनाम आदिको प्रयोगद्वारा कथनमा विचित्रता ल्याउनका लागि जहाँ वस्तु वा पदार्थलाई छिपाइन्छ त्यस प्रकारको वक्रतालाई संवृत्ति वक्रता भनिन्छ (कुन्तक, २०२४.पृ.२२७) । कतिपय अवस्थामा कुनै व्यक्ति, वस्तु, विषय वा भावलाई स्पष्ट ढङ्गबाट व्यक्त गर्नुका सट्टा घुमाउरो वा साङ्केतिक ढङ्गबाट व्यक्त गर्नुपर्ने अवस्था आउँछ (गौतम, २०७४.पृ. १५७) यसबाट पनि विचित्रताको सृजना भई भनाइ सुन्दर हुने गर्छ :

नौ महिनातक हामी झैँ उनी पनि त्यै गर्भभित्रै थिए
हामी झैँ कलिला रूँदै धुरूधुरू यै भूमिमा जन्मिए
हाम्रो झैँ उनको पनि शरीर हो उत्ति थिए इन्द्रिय
राम्रा काम गरेर किन्तु उनले पाए अनन्त श्रेय ।

यहाँ हामी झैँ उनी पनि जन्मिने, हुर्किने गरेकामा उनले राम्रा काम गरेर नाम कमाएको सन्दर्भ छ । यहाँ व्यक्तिको नामका सट्टामा उनी सर्वनामको प्रयोग गरिएको छ । यहाँ सर्वनामले कुनै एक व्यक्तिलाई संवृत्ति अर्थात् लुकाएर व्यक्तिको सामान्यीकरण गरी कथनमा अझ सुन्दरता थपिएकाले यहाँ संवृत्ति वक्रता पर्न गएको छ । यसै पदपूर्वार्ध वक्रतामा कुन्तकले पदमध्यान्तर्भूत प्रत्यय वक्रता, वृत्तिवैचित्र्य वक्रता, भाववैचित्र्य वक्रता, लिङ्ग वैचित्र्य वक्रता आदि भेदको पनि व्याख्या गरेका छन् ।

## धातु/क्रियावैचित्र्य वक्रता

पदको आधारभूत तह अर्थात् प्रकृति प्रातिपदिक र धातु हुन् । जसरी प्रातिपदिकको चयनले काव्यमा विचित्रता आउँछ त्यसरी नै धातुको उपयुक्त चयनबाट पनि काव्यमा विचित्रता आउने गर्दछ । धातुको वक्रता नै क्रियाको वक्रता हो (कुन्तक, २०२४, पृ. २४५) । यसका पनि कर्ता र धातुका बिचमा अन्तरङ्ग सम्बन्ध, सजातीय अन्य कर्ताका तुलनामा अत्यन्त निकटको क्रिया, क्रिया विशेषणबाट क्रियाको सौन्दर्यमा वृद्धि, उपचारका कारण आउने सुन्दरता र कर्म आदिको संवृत्ति भेदहरू छन । धातु वा क्रियामा आउने वक्रताले ल्याएको अर्थचमत्कार तलको श्रीमान् र श्रीमतीको प्रश्नोत्तरमा देखिएको छ :

दुलहीको चिठी : कोही पुरूषले मुख रस लियो
कोही पुरूषले छोयो आङ
कोही पुरूषले पाउ दाब्यो
कोही पुरूषसँग भयो सङ ।
दुलहाको उत्तर : कुन् तेरा बाउले मुखरस लियो ?
कुन् तेरा बाउले छोयो आङ ?
कुन् तेरा बाउले पाउ दाब्यो ?
कुन् तेरा बाउसँग भयो सङ ?
दुलहीको उत्तर ल्वाङ, सुपारीले मुखरस लियो
मखमली चोलीले छोयो आङ
मखमली जुत्ताले पाउ दाब्यो
बिस्तरामा भयो मेरो सङ ।

यहाँ आफूभन्दा टाढा बसी अध्ययन गरिरहेकी दुलहीलाई दुलहाले मखमली चोली, जुत्ता, ल्वाङ, सुपारी र बिस्तरा पठाएकोमा दुलही खुसी भएर दुलहालाई कुनै पुरूषले मुखको रस लिएको, आङ छोएको, पाउ दाबेको, सङ भएको भन्ने चिठी लेखेकोमा उसको लोग्ने रिसाएर मुखको रस लिने, आङ छुने, पाउ दाब्ने र सङ हुने त्यो कुन तेरो बाउ हो भनेर रिसाउँदा दुलहीले ल्वाङ सुपारीले मुखको रस लिएको, चोलीले आङ छोएको, जुत्ताले पाउ दाबेको र बिस्तरामा सङ भएको बताएकी छ । यसरी सामान्य खानु अर्थलाई मुखको रस लिनु, चोली लगाउनुलाई शरीर छुनु, जुत्ता लगाउनुलाई पाउ दाप्नु बिस्तरामा सुत्नुलाई सँग हुनु जस्ता क्रियापदको चयन गरिएको छ । यस प्रयोगबाट अर्थमा चमत्कार आएको छ । यहाँ आफूभन्दा श्रीमती टाढा भएको अवस्थामा श्रीमतीका त्यस्ता कुराले श्रीमान् झस्कनुमा कर्ता र क्रियापदको अर्थमा अन्तरङ्ग सम्बन्ध, सजातीय अन्य कर्ताका तुलनामा अत्यन्त निकटको क्रिया, उपचारका कारण आउने सुन्दरता र कर्म आदिको संवृत्ति देखिएको छ ।

जसले गर्दा लोककविता सहृदयीको हृदयलाई आह्लादित गर्न सफल देखिन्छ । यस्तै अर्को उदाहरण पनि हेरौँ :

रामको नाम मिठो सधैँ भजिलिनु, त्यो अर्थ धेर बाँचिने
पाटी, पौवा, हिटी परन्तु रहने पापधर्म हो साँचिने
पुण्य रोपिदिएर फल्छ नरमा, विद्या बहुत मौलने
यत्ति प्रश्न विचार गऱ्याँ सुन तिमी मनको कुरो तौलने ।

यसमा रामको नामलाई मिठो, पाटी पौवाले धेरै बाँचिने, पाप र पुण्य रोपे फल्ने, विद्या मौलने र कुरा तौलने भनिएको छ । यसैले यी क्रियापद चित्ताकर्षक बनेका छन् ।

## पदपरार्ध/ प्रत्यय वक्रता

पदको पूर्वार्ध/प्रकृति अर्थात् पदको मूल अर्थयुक्त एकाइको औचित्यपूर्ण प्रयोगबाट काव्यमा चमत्कार ल्याउन सकिए झैँ यसको उत्तरार्ध अर्थात् प्रत्ययबाट पनि काव्यमा चमत्कार ल्याउन सकिन्छ भन्ने कुराको विश्लेषण कुन्तकले पदपरार्ध वक्रतामा गरेका छन् । उनका अनुसार काल, कारक, सङ्ख्या, पुरूष, उपग्रह तथा प्रत्ययविहित प्रत्ययवक्रतालाई जनाउने प्रत्ययको प्रयोगबाट काव्यमा सौन्दर्य ल्याउन सकिन्छ । यहाँ केही उदाहरणबाट पदपरार्ध वक्रतालाई स्पष्ट पारिएको छ :

ए नानी ! तिमी त पहेँली पातली दन्तै मिलेकी अति
बालखै कालमा विवाह हुन गयो कस्ता छन् तिम्रा पति ?
फरिया लाउने त दश हातको चोली पनेली गहन
हाम्राका पतिका के खोजी तिमीलाई जस्तासुकै भइरहून् ।

यस सिलोकमा कुनै एक महिलाको बालखै कालमा विवाह भएकाले तिम्रा पति कस्ता छन् भनी सोधिएकामा ती महिलाले मेरा पति जस्ता भए पनि तिमीलाई के चासो भनी उत्तर दिएको सन्दर्भ छ । यसमा महिलाले आफू एक जनालाई जनाउन मेरा नभनी बहुवचन हाम्रा शब्दको प्रयोग गरेकी छन् । यहाँ यही बहुवचनले आफूलाई बालखै कालमा विवाह गरेकाले नराम्रो बुढो आदि केही न केही खोट भएको पति छ भनी होच्याउनका लागि बोलिएकोमा मेरा पति जस्ता भए पनि तिमीलाई केको चासो भनी आफूलाई गर्विली देखाउन बहुवचनको प्रयोगले सघाएको छ । यसैले यहाँ वचन अर्थात् सङ्ख्याका कारणले अर्थमा चमत्कार आएको छ । यस्तै कारकका कारणले पनि लोककवितामा वक्रता आउन सक्छ, जस्तै :

भदौका जाडाले बाँध्यो बुटी
असौजको जाडो जुरूजुरू उठी

कार्तिकको जाडो वनपात
मङ्सिरको जाडो झऱ्यो फाँट ।

यस लोककवितामा भदौ, असौज, कार्तिक र मङ्सिर जस्ता महिना/समयलाई कर्ताको रूपमा उभ्याइएको छ । यसमा समयको अचेतन रूपलाई चेतन रूपमा आरोपित गराई मानवीकरणको अर्थचमत्कृति दिइएको छ ।

कुन्तकले पदको पूर्वार्ध र उत्तरार्धको वर्णन गरेपछि शब्दको निर्माणको यो प्रक्रियाभन्दा भिन्न कुनै विभक्ति आदि प्रत्यय नलाग्ने र आफैमा पूर्ण हुने अर्थात् अव्युत्पन्न रहने उपसर्ग र निपातलाई पदवक्रोक्तिका रूपमा चर्चा गरेका छन् । कुन्तकका अनुसार जहाँ उपसर्ग तथा निपातले सम्पूर्ण वाक्यको प्राणभूत भई शृङ्गारादि रसलाई प्रकाशित गर्छन् त्यहाँ पदवक्रता हुने गर्दछ (कुन्तक, २०२४, पृ. २६६) ।

## वाक्य/वस्तु वक्रता

वाक्य पदहरूको समूह हो । कारक, विशेषण तथा अव्यय पदको क्रियापदसँगको सार्थक योगबाट वाक्य बन्छ । वाक्यबाट नै श्रोता वा पाठकले वक्ताको भनाइ वा भावलाई अवगत गर्दछ । साहित्यमा जुन विषयको वर्णन गरिएको हुन्छ, त्यसलाई वस्तु भनिन्छ । वर्तमान सन्दर्भमा समाज जीवनका विविध भोगाइ र अनुभूति नै कृतिका वस्तु हुन् (शर्मा, २०७३, पृ. १०) । साहित्यमा आएका वाक्यले विषय वा वस्तुलाई सामान्यभन्दा अलौकिक वा चमत्कारजनक रूपमा प्रस्तुति दिएमा त्यहाँ वाक्य वा वस्तु वक्रता हुन्छ । सुकुमार आदि मार्गअनुसारको वर्णविन्यास, शब्द, अर्थ, गुण एवम् अलङ्कारबाट आउने छुट्टाछुट्टै अर्थभन्दा यसको समग्रताबाट आउने विशिष्ट सुन्दरता नै वाक्य वक्रता हो । जसरी कुनै चित्रमा रहेको चित्रपट, रेखाचित्र, रङ्ग तथा उसको बनावटभन्दा विशिष्ट अलौकिक विचित्र सुन्दरता झल्किएको हुन्छ (कुन्तक, २०२४, पृ. २८९) । काव्यमा वर्णन गरिने वस्तु चेतन (प्राणी) र अचेतन (जड) गरी दुई प्रकारको हुन्छ । चेतन पनि मुख्य र गौण गरी दुई प्रकारको हुन्छ । यस प्रकारको कथनमा विशिष्टता अनेकौँ प्रकारले आउने भएकाले वाक्य वक्रताका अनेकौँ भेद हुने बताउँदै कुन्तकले यसलाई सामान्यतया सहज र आहार्य गरी दुई भागमा विभाजन गर्न सकिने बताएका छन् ।

## सहज वाक्य वक्रता

सहज वाक्य वक्रता भनेको कविले वर्णनीय विषयवस्तुलाई सहज वा स्वाभाविक रूपमा रस एवम् गुण अनुकूल वर्णन गरी त्यसको सुन्दरता प्रस्तुत गर्नु हो । यसमा कविको व्युत्पत्ति वा अभ्यासभन्दा सहज प्रतिभाको चमत्कार देख्न सकिन्छ । यसबाट कविले काव्यमा अलङ्कारादिको प्रयोगभन्दा वस्तुको स्वभाव, रस र भावानुकूलको वर्णनबाट सहृदयीहरूको हृदयलाई आह्लादित गराउँछ । लोककविता

लोककविका सहज अभिव्यक्ति भएकाले यसमा सहज वाक्य वक्रताको प्रयोग प्रशस्तमात्रामा छ । उदाहरणका लागि यहाँ केही लोककविता प्रस्तुत गरिएका छन् :

काक कोइली वनमा ढुकुर जुरेली पक्षीमा राम्रो सुगा
माइतीका धनले के धान्थ्यो बरिलै फाटी गए सब लुगा ।

हाम्रो सामाजिक मान्यताअनुरूप विवाहपछि महिला पुरूषका घरमा भित्रिने परम्परा छ । पुरूषका घरमा भित्रिएपछि घरको काममा पूर्ण जिम्मेवारीका साथ लाग्नुपर्ने हुन्छ । यस अवस्थामा उसलाई आवश्यक पर्ने जीवन यापनका सरसामाग्री पुऱ्याउने जिम्मेवारी घरको हुन्छ तापनि कतिपय घरका मानिस यो जिम्मेवारी पूरा गर्दैनन् । यस्तो अवस्थामा महिलाले माइतीले दिएको केही पैसा र लत्ताकपडाबाट काम चलाउनु पर्छ । यस अवस्थालाई जनाउन प्रस्तुत लोककवितामा माइतीका धनले नपुगेकाले कपडा फाटेको सन्दर्भ अत्यन्त स्वाभाविक किसिमले आएको छ । यसबाट विवाह गरेर घरको सबै काम गरेपनि खानलाउन नदिने तर पनि घर भनेर बस्नुपर्ने स्थितिको चित्रण गर्दै तात्कालिक अवस्थाका महिलाले भोग्नुपरेका कारूणिक जीवन भोगाइको विशिष्टानुभूतिलाई यहाँ देखाइएको छ । यस्तै अर्को उदाहाण हेरौँ :

बन्दगोपी सुरूवात आलु, मटर, काउली खाने याँहरू
खोस्टे दाल र भातमा परनुभो घाँटी सुक्यो कि बरू
हालेथिम् गुँडमा समेत गुलियो खाई विचार गर्नुहोस्
बेसार राखन फर्सीमा भुलिन गो यसमा क्षमा राख्नुहोस् ।

यस लोककविताको प्रस्तुतिको समय विवाहका समयमा जन्तीलाई घरबेटीले खान दिँदाको हो । यसमा खानाको परिकार राम्रो बनाउन नसकी खोस्टेको दाल, भात र फर्सीको तरकारी दिइएको बताइएको छ । यस्तै गुँड अर्थात् सक्खरमा पनि गुलियो हालेर मिठो बनाइएको बताइएको छ । सरसर्ती हेर्दा यहाँ जन्तीलाई आफूसँग जेजस्तो सामान र कला छ त्यस्तै खान दिइएको अर्थ देखिन्छ तर यहाँ सन्दर्भअनुसार जन्तीलाई अनेकौँ किसिमले इल्याउने काम विवाहमा गर्ने परम्परागत मान्यता हो । यसै मान्यताअनुसार यहाँ मिठो मिठो खाने बानी परेका जन्तीहरू यस्तोमा पर्नुभयो भन्नु, स्वतः गुलियो हुने गुँडमा फेरि गुलियो थपेको बताउनु, पहैँलो फर्सीमा बेसार हाल्न बिर्सिएको बताउनु आदि काम जन्तीलाई इल्याउन वा व्यङ्ग्य गर्न प्रयोग गरिएका हुन् । यसले हास्य रसको परिपाकमा सघाएको छ । यसरी यहाँ सन्दर्भ अनुसार सहज अभिव्यक्तिमा इल्याएको बुझिने विशिष्ट अर्थात् चामत्कारिक अर्थ आएकाले यस सिलोकमा सहज वस्तुवक्रता पर्न गएको छ ।

## आहार्य वाक्य वक्रता

जहाँ कविले आफ्नो व्युत्पत्ति र अभ्यासको परिपाकबाट अलङ्कार, भावानुकूलको वर्णविन्यास आदिको प्रयोग गरेर काव्यमा चामत्कारिक अर्थ ल्याउँछन् त्यहाँ आहार्य वाक्य वक्रता हुन्छ । आहार्य वक्रतामा अलङ्कार वैचित्र्यका माध्यमबाट विशिष्ट अर्थ दिइएको हुन्छ । कुन्तकले अलङ्कारवादी पूर्वाचार्यले मानेका केही अलङ्कारलाई स्वीकार गरेको, केहीलाई आफ्नो मान्यता अनुसार परिमार्जन गरेको, केहीलाई कुनै अलङ्कारमा अन्तर्भूत गरेको र केही आवश्यक नभएको मानेका छन् । यहाँ अलङ्कारबाट आउने रमणीयार्थका केही उदाहरण दिइएको छ :

तरूनीले समातेर कटिमाथि बसाउँदा
समाजका अगाडिमा को कराउँछ लौ भन ?

यहाँ तरूनीले कटिमाथि राखेर हिँड्दा को कराउँछ ? भन्ने प्रस्तुत सन्दर्भमा आधा गाग्री पानी कराउने अप्रस्तुत विशिष्ट अर्थ अभिव्यञ्जित भएकाले यहाँ अप्रस्तुत प्रशंसा अलङ्कार पर्न गएको छ । यसले अलौकिक /अनिर्वचनीय विशिष्ट अर्थ आएकाले यहाँ आहार्य वक्रता पर्न गएको छ । यस्तै अर्को उदाहरण हेरौँ :

टुक्रुक्क बिरालो भान्सामा बस्यो
दुध चोरी खान कम्मर कस्यो ।
दुध चोरी खानी बिरालाको जात
लेखेको ललाटमा भगवानबाट ॥

यहाँ बिरालो भान्सामा पसेर दुध चोरेर खान थालेको सामान्य कथनलाई भगवान्ले ललाटमा लेखिदिएकाले उसले दुध चोरेर खान पाएको भनिएको छ । जहाँ विशेषबाट सामान्य र सामान्यबाट विशेष, कारणबाट कार्य र कार्यबाट कारणको साधर्म्य वा वैधर्म्यद्वारा समर्थन गरिएमा अर्थान्तरन्यास अलङ्कार हुन्छ भन्ने मान्यता अनुरूप यहाँ बिरालाले दुध खान बसेको सन्दर्भलाई भाग्यमा भए पाइन्छ भन्ने भनाइमा कार्यबाट कारणको समर्थन गरिएको छ । त्यसैले यहाँ अर्थान्तरन्यास अलङ्कार पर्न गएको छ । यस प्रकारको अर्थान्तरन्यास अलङ्कारबाट विशिष्ट अर्थ आएकाले यहाँ आहार्य वक्रता पर्न गएको छ ।

वक्रोक्ति सिद्धान्तमा प्रकरण र प्रबन्ध वक्रताको पनि व्याख्या छ तर लोककविता फुटकर अझ भनौँ मुक्तक जस्तै प्रायः एक श्लोकी भएकाले प्रकरण र प्रबन्धको संरचना यहाँ उपलब्ध छैन । त्यसैले लोककविताको विश्लेषण यहाँ वर्णविन्यास, पदपूर्वाध, पदउत्तरार्ध र वाक्य वक्रता गरी चारवटा आधारमा मात्र गरिएको छ ।

## निष्कर्ष

लोककविता लोकसमाजका सर्वसाधारणले मौखिक रूपमा अभिव्यक्त गर्ने सहज अभिव्यक्ति हुन् । स्वतःस्फूर्त रूपमा अभिव्यक्त गरिएका यी लोककवितामाकाव्यात्मक चमत्कृतिभन्दा भावको उच्छलन नै बढी पाइन्छ तापनि यिनमा लोककविको सहज प्रतिभाको उच्छलन पनि यत्रतत्र छचल्किएकै पाइएको छ । वर्ण, पद वा वाक्यका विभिन्न सन्दर्भबाट काव्यलाई विशिष्ट तुल्याउन तद्तद् अवयवको शब्द र अर्थका तहमा चमत्कृति ल्याउनुपर्ने कुन्तकको मान्यता अनुरूप वक्रोक्तिका भेदोपभेदका आधारमा विश्लेषण गर्दा लोककविका सहज अभिव्यक्तिमा आएका लोककवितामा विदग्धतापूर्ण अर्थात् चतुरतापूर्वकको विशिष्ट कथनको प्रत्याभूति वर्णको तहदेखि पद हुँदै वाक्यकै तहसम्म पुगेको छ । यस आधारमा लोककविताका प्रयोक्ता सर्वसाधारण भए पनि उनीहरूको सहज प्रतिभाले लोककवितालाईविशिष्टता प्रदान गरेका छन् । यीमध्ये कतिपय लोककविता अलौकिक चमत्कारयुक्त छन् रयिनले सहृदयीहरूको हृदयलाई आनन्दातिरेक तुल्याएका छन् ।

## सन्दर्भ सामग्री सूची

अधिकारी, हेमाङ्गराज. (२०३५). *पूर्वीय समालोचना सिद्धान्त* (दो सं.) काठमाडौँ : साझा प्रकाशन ।

आप्टे, वामन शिवराम.(१९९३). *संस्कृत हिन्दी कोश* (पुनर्मुद्रण). दिल्ली : मोतीलाल बनारसीदास पब्लिशर्स प्रा. लि. ।

उपाध्याय, केशवप्रसाद. (२०४८). *पूर्वीय साहित्य सिद्धान्त.* काठमाडौँ : साझा प्रकाशन ।

कुन्तक, (२०२४). *वक्रोक्तिजीवितम्,* (हिन्दी व्या. राधेश्याम मिश्र). वाराणसी : चौखम्बा संस्कृत सिरिज ।

गौतम, तुलसी प्रसाद. (२०७४). *संस्कृत काव्य सिद्धान्त.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

नगेन्द्र, (सन् १९९५). *रीतिकाव्य की भूमिका.* नयी दिल्ली : नेशनल पल्लिशिंग हाउस ।

भट्टराई, ध्रुवप्रसाद. (२०७०).'नेपाली लोककविताको अध्ययन'. त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्कायमा प्रस्तुत अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध ।

मिश्र, राधेश्याम. (२०२४), वक्रोक्तिजीवितम्. *भूमिका,* वाराणसी : चौखम्बा संस्कृत सिरिज ।

शर्मा, ऋषिराम. (२०७३). 'नेपाली लघुकथामा वक्रता'. *समकालीन साहित्य,* (मङ्सिर–माघ), पूर्णाङ्क : ७८, पृ. ७–१३ ।

सिँह, अमर. (२०१७). *अमरकोष.* (नेपाली टीका बालकृष्णाश्रमी) वाराणसी : यशोदा पुस्तकालय ।